## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सेण्ट जेभियर्स गोदावरी स्कूल, काठमाडौंलाई लार्ड केम्बेजले अनुदानस्वरूप प्रदान गर्नुभएको निम्न विवरणको सामानहरूको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

सामानको विवरण

| मालको नाम | मूल्य (अमेरिकी डलरमा) |
| --- | --- |
| (१) भिक्टोर ६४ कम्प्युटर | २००।– |
| (२) फ्लोपी डिक्स ड्राईभ | २५०।– |

## सूचना ४

श्री ५ को सरकारले मनोरञ्जनकर ऐन, २०१७ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री शङ्कर निम्न माध्यमिक विद्यालय, भगवतपुर (काष्ठमहाल) सप्तरीको आर्थिक स्थिति मजबूत गर्नको लागि सो विद्यालयले प्रदर्शन गर्ने नेपाली चलचित्रको प्रदर्शनमा मनोरञ्जनकर १५ दिनको लागि छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

६६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।